प्रदेश सरकार

सुदूरपश्चिम प्रदेश

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

धनगढी, कैलाली, नेपाल

**सम्बत् २०७८ साल पुस २९ गते बसेको सुदूरपश्चिम प्रदेश, मन्त्रिपरिषद्को १२४ औं वैठकले गरेको निर्णय-**

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय- समपूरक र विशेष अनुदान मागको लागि योजना/आयोजना स्वीकृत गर्ने ।

२. भौतिक पूर्वाधार विकास मन्त्रालय- इम्बोस्ड नम्बर प्लेटमा लेख्ने प्रयोजनका लागि यस प्रदेशको अंग्रेजी संक्षिप्त नाम SUPA कायम गर्ने ।

३. आन्तरिक मामिला तथा कानून मन्त्रालय — प्रदेश सभाका माननीय सदस्य नेपालु चौधरीको उपचार खर्च बापतको रकम प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन २०७५ बमोजिम प्रदेश सभा सचिवालयबाट भुक्तानी दिने ।

४. आन्तरिक मामिला तथा कानून मन्त्रालय- प्रदेश सभाका माननीय सदस्य अक्कल बहादुर रावलको उपचार खर्च बापतको रकम प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन २०७५ बमोजिम प्रदेश सभा सचिवालयबाट भुक्तानी दिने ।

५. आर्थिक मामिला मन्त्रालय —निन्तोला क्षेत्र धार्मिकस्थल विकास कालाढुंगा मन्दिरलाई दान भेटीमा प्राप्त जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेसन दस्तुरमा ५० प्रतिशत छुट दिने ।

६. सामाजिक विकास मन्त्रालय — प्रदेश उच्च शिक्षाको सम्भाव्यता अध्ययन कार्यदलको म्याद २०७८ माघ मसान्तसम्म थप गर्ने ।